(ङ) टाट नपल्टेको वा बेइमानी वा जालसाजी आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको,

(च) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भए नभएको, र भएको भए त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन बर्ष पूरा भएको,

(छ) विदेशी मुलुकको स्थायी बसोबासको अनुमति प्राप्त नगरेको,

(ज) नियामक निकायबाट कार्यकारी प्रमुख हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको ।

४. <u>अध्यक्ष पदका लागि तोकिएको काम, कर्तव्य र अधिकारः</u>

अध्यक्ष पदका लागि तोकिएको काम, कर्तव्य र अधिकार धितोपत्र सम्बन्धी ऐन, २०६३, नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४, नियामक निकायबाट जारि भएको निर्देशिका, कार्यविधि वा सूचना तथा कार्य सम्पादन सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

५. <u>व्यावसायिक कार्ययोजना सम्बन्धी व्यवस्थाः</u>

५.१ उम्मेदवारले दरखास्तसाथ पेश गर्ने व्यावसायिक कार्ययोजना 'पूँजी बजारको सैद्धान्तिक पृष्ठभूमि एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्य' तथा 'नेपाल धितोपत्र बोर्डको सङ्गठनात्मक विश्लेषण (Organizational Analysis)' का साथै पूँजी बजारको विकास तथां धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरूको हित संरक्षण लगायतका अध्यक्षका लागि तोकिए बमोजिमको काम, कर्तव्य र अधिकार समेतका आधारमा नेपाल धितोपत्र बोर्डको नियामकीय भूमिकाको थप प्रभावकारिताको लागि चालिनु पर्ने नीतिगत, रणनीतिक तथा कार्यगत सुधारका कदमहरू समावेश भएको समयसारिणी सहितको हुनु पर्नेछ ।

५.१.१ पूँजी बजारको सैद्धान्तिक पृष्ठभूमि एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्य लेखनमा निम्न बुँदाहरू समावेश भएको हुनु पर्नेछः

(क) पूँजी बजारको सैद्धान्तिक पृष्ठभूमि,

(ख) नेपालको पूँजी बजारको वर्तमान अवस्थाको विश्लेषण,

(ग) नेपाल सरकार तथा धितोपत्र बोर्डको पूँजी बजार विकास सम्बन्धी गुरुयोजना तथा रणनीतिक योजनाहरू तथा कार्यान्वयनको अवस्था,

(घ) पूँजी बजारमा रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरूको विश्लेषण,

